लहान नगरपालिका

# खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि,२०७९

कार्यपालिकाबाट स्वीकृत मिति : २०७९।०५।२३

लहान नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

लहान, सिरहा

मधेश प्रदेश, नेपाल

प्रमाणित गर्ने: ई. शत्रुघ्न प्रसाद चौधरी

प्रमुख प्रशासकीय अधिकृत

# खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तावना :**

लहान नगर क्षेत्रभित्र स्वच्छ खानेपानीको पहुँच सबै नगरवासीहरुमा पुऱ्याउने उद्देश्यले स्वच्छ खानेपानीको व्यवस्थापन गर्न खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको स्थापना तथा दर्ता गर्ने व्यवस्था गर्न बान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ध) बमोजिम लहान नगर कार्यपालिकाबाट स्वीकृत भई खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७९ बनाइएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

१) यस कार्यविधिको नाम "खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७९" रहेको छ ।

२) यो कार्यविधि लहान नगरपालिका भित्र लागु हुनेछ ।

३) यो कार्यविधि तत्काल प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) **"खानेपानी"** भन्नाले स्वच्छ पिउने पानीलाई सम्झनुपर्छ ।

ख) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले लहान नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

ग) **"समिति"** वा **"सँस्था"** भन्नाले कार्यविधि अनुसार गठन भएको खानेपानी तथा सरसफाई उपभोक्ता समिति सम्झनु पर्छ ।

घ) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस कार्यविधि अन्तर्गत बनेको विनियम, निर्देशिका र प्रचलित कानुनमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

**३. उपभोक्ता समिति दर्ता गर्नु पर्ने :**

स्थानीयस्तरमा खानेपानी उत्पादनको मुख्य श्रोत मुहान (मुल)/ट्युवेल (वोरिङ्ग) बाट संकलन गरी व्यक्तिगत वा सामुदायिक रुपमा आफ्नो वा समुदायका निमित्त खानेपानी तथा सरसफाई एवं अन्य घरेलु प्रयोगको लागि खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गरेर मात्र उपभोक्ता समिति स्थापना गर्नु पर्नेछ । यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि उपभोक्ता समिति स्थापना गर्नु हुँदैन ।



प्रमुख प्रशासकीय अधिकृत

**४. खानेपानीको मुल दर्ता गर्नुपर्ने :**

(क) नगरपालिकाको क्षेत्रमा खानेपानी उत्पादनको मुख्य श्रोत मुहान (मुल)/ट्युवेल (वोरिङ्ग) बाट संकलन गरी खानेपानी व्यवस्थापन गर्नु पर्ने अवस्थामा सो मुल सहित आधिकारिक खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्नु पर्नेछ । खानेपानी तथा सरसफाई उपभोक्ता समितिका लागि स्थलगत अध्ययन सहित छानवीन गरी दर्ता गर्न मिल्ने नमिल्ने भन्ने निर्क्यौल गर्नका लागि देहाय बमोजिमको ५ (पाँच) सदस्यीय अनुगमन समिति गठन गरिनेछ ।

१) संयोजक - नगर प्रमुख

२) सदस्य - नगर उप-प्रमुख

३) सदस्य - सम्वन्धित वडाको अध्यक्ष

४) सदस्य - वडा अध्यक्षले तोकेको सम्वन्धित वडा सदस्य (महिला)

५) सदस्य सचिव - प्रमुख प्रशासकीय अधिकृत

(ख) उपरोक्त समितिले खानेपानी तथा सरसफाई उपभोक्ता समितिको आवश्यकता र उद्देश्य टड्कारो रुपमा पूर्ति गर्न खाँचो देखेमा सँस्था दर्ता गर्न मिल्ने नमिल्ने सम्बन्धमा स्थलगत अध्ययन सहित छानविन गरी दर्ता गर्न मिल्ने अवस्था देखिएमा मुल दर्ता सहितको अनुमति दिन सक्नेछ ।

**५. समिति दर्ता :**

(१) समिति दर्ता गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले एक जना अध्यक्ष, एक जना सचिव र एक जना कोषाध्यक्ष पदाधिकारी तथा बाँकी सदस्यहरु रहने गरी समिति सम्बन्धी देहायको विवरण खुलाई समितिको विधानको एक प्रति र तोकिएको दस्तुर सहित नगर प्रमुख समक्ष अनुसूची -१ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

क) समितिको नाम,

ख) उद्देश्यहरु,

ग) समितिका सदस्यहरुको नाम, ठेगाना, पेशा र नागरिकताको प्रतिलिपी

घ) कार्यालयको ठेगाना,

ङ) समिति संचालनको विधि र प्रक्रिया

तर, उल्लेखित बमोजिम समिति गठन गर्दा पदाधिकारीमा कम्तीमा एक महिलासहित महिलाको सहभागिता कुल सदस्यको ३३ (तेतिस) प्रतिशत पुगेको हुनुपर्नेछ ।



नगर कार्यपालिकाको कार्यालय
सहार, सिरहा
मधेश प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि दफा ४ को समितिको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी समिति दर्ता गरी प्रमाण-पत्र दिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले कुनै समिति दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना प्राप्त गरेको मितिले ३५ (पैतिस) दिनभित्र त्यस्तो निर्णयउपर नगर प्रमुखसमक्ष उजुर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको उजुर प्राप्त भएपछि नगर प्रमुखले आवश्यक जाँचबुझ गरी त्यस्तो समिति दर्ता गर्न मनासिव ठहरिएमा सो समिति दर्ता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिन सक्नेछ र त्यस्तो भएपछि प्रमुख प्रशासकीय अधिकृतले समिति दर्ता गरिदिनु पर्नेछ ।

(५) यस दफा अन्तर्गत दिइने प्रमाण-पत्रको ढांचा अनुसूचि-२ बमोजिम हुनेछ । नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

(६) दर्ता भएको समिति प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र नविकरण गर्नु पर्नेछ । दर्ता दस्तुर रु १०००।- (एक हजार), नविकरण दस्तुर वार्षिक रु ५००।- (पाँच सय) तिर्नु पर्नेछ । समितिले समयमा नविकरण नगरेमा जरिवाना दस्तुर प्रति महिना रु २००।- (दुई सय रुपैयाँ) थप लाग्नेछ ।

**६.समिति संगठित मानिने :**

१) यस कार्यविधि अन्तर्गत दर्ता भएका समिति अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित समिति हुनेछ । सो समितिको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

२) समितिले व्यक्ति सरह आफनो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

**७. संस्थाको सम्पति :**

(१) समितिको सदस्य वा कर्मचारी लगायका कुनै व्यक्तिले समितिको विधान विरुद्ध संस्थाको कुनै सम्पति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा नगरपालिकाले त्यस्तो सम्पति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई समितिलाई फिर्ता बुझाइदिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको सम्पति फिर्ता गर्ने गरी नगरपालिकाले गरेको कारवाहीमा चित्त नबुभ्ने व्यक्तिले सम्वन्धित अदालतमा उजुर गर्न सक्नेछ ।

(३) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको कुनै सम्पति वा लिखित वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा समिति वा समितिको कुनै सदस्यउपर प्रचलित कानुन बमोजिम नगरपालिकाले कारवाही चलाउन सक्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

**८. यस अघि दर्ता भई वा नभई स्थापना भएका समितिले दर्ता गर्ने :**

१) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता भई वा नभई स्थापना भइरहेका समितिले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले ६ (छ) महिनाभित्र यो कार्यविधि बमोजिम सूचिकृत गराउनुपर्नेछ । सूचिकृत दर्ता हुनको लागि गत आ.व. सम्मको लेखा परिक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**९. समितिको उद्देश्यहरुमा हेरफेर :**

(१) समितिको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो समितिलाई कुनै अर्को समितिमा गाभ्न उचित देखेमा सो समितिले सम्वन्धित प्रस्ताव तयार पारी सो प्रस्ताव उपर छलफल गर्न समितिको विधान बमोजिम साधारणसभा बोलाउनु पर्नेछ ।

(२) साधारणसभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारणसभाबाट पारित भएको मानिनेछ ।

तर, सो प्रस्ताव लागु गर्न नगरपालिकाको पूर्वस्वीकृति लिनुपर्नेछ ।

**१०. समितिको वर्गिकरण :-**

दर्ता अनुमति प्राप्त गरी नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको व्यवस्थापनबाट खानेपानी उपलब्ध गराउने उपभोक्ता सदस्य संख्याको आधारमा निम्न अनुसार उपभोक्ता समितिको वर्गिकरण हुनेछ ।

१) १००१ जना वा सो भन्दा बढी उपभोक्ता सदस्य भएको (क वर्ग)

२) ५०१ देखि १००० जना उपभोक्ता सदस्य भएको (ख वर्ग)

३) ५०० जना सम्म उपभोक्ता सदस्य भएको (ग वर्ग)

**११. तदर्थ समिति गठन गर्न सकिने :-**

यस अघि दर्ता स्वीकृत प्राप्त गरी सञ्चालनमा रहेका र नयाँ अनुमति प्राप्त गरी स्थापना हुने उपभोक्ता समितिहरुले तोकिए बमोजिम ६ महिनाभित्र साधारण सभा गरी उपभोक्ता समिति गठन प्रकृया पुरा नगरेमा त्यस्ता तदर्थ समिति वा अवधि पुरा भएका उपभोक्ता समितिहरुलाई विघटन गरी संचालन नियमीत गर्न नगरपालिकाको तर्फबाट सम्वन्धित उपभोक्ता सदस्यहरुमध्येबाट तदर्थ समिति गठन गरी साधारण सभा समेतका आवश्यक प्रकृया काम कारवाही गरी गराई व्यवस्थापन गर्न सकिनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

**१२. संघ गठन गर्न सकिने :-**

दर्ता स्वीकृति प्राप्त गरी नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु मध्येबाट एक उपभोक्ता समितिलाई एक सदस्य मानी नगर स्तरीय खानेपानी तथा सरसफाई उपभोक्ता संघ गठन गरी सोही संघको प्रत्यक्ष रेखदेख, सहयोग, मातहतमा अन्य सम्पूर्ण उपभोक्ता समितिहरुलाई व्यवस्थित रुपमा संचालन गरिनेछ ।

**१३. हिसाबको विवरण पठाउनु पर्ने :-**

उपभोक्ता समितिले आफ्नो समितिको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक बर्ष नगरपालिकामा पठाउनु पर्नेछ ।

**१४. हिसाब जाँच गर्ने : -**

१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको हिसाब आफुले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

२) उपदफा (१) बमोजिम हिसाव जाँच गराए वापत नगरपालिकाले हिसाब जाँचबाट देखिन आएको समितिको मौज्दात रकमको सय कडा तीन प्रतिशतमा नबढाई आफुले निर्धारण गरेको दस्तुर असुल उपर गरी लिन सक्ने छ ।

३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजातहरु वा सोधेको प्रश्नको जवाफ दिनु समितिको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

४) हिसाव जाँच गर्ने अधिकृतले नगरपालिकाले तोकिदिएको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्नेछ । र सो प्रतिवेदनको आधारमा समितिको कुनै सम्पति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने नगरपालिकालाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल उपर गर्न गराउन प्रचलित कानुन बमोजिम कारवाही चलाउन सक्नेछ ।

तर, प्रचलित कानुनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानुन बमोजिम मुद्दा चलाउन सक्नेछ ।

**१५. निर्देशन दिने :**

नगरपालिकाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित समितिको कर्तव्य हुनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

**१६. दण्ड सजाय :**

१) दफा (४) बमोजिम दर्ता नगराई समिति स्थापना गरेमा वा दफा (५) बमोजिम दर्ता नगरी समिति संचालन गरेमा त्यस्ता समितिका सदस्यहरुलाई नगरपालिकाले जनही पाँच हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

२) दफा (१३) बमोजिम हिसाबको विवरण नपठाएमा उपभोक्ता समितिका सदस्यहरुलाई नगरपालिकाले जनही एक हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

तर, कुनै सदस्यले दफा (१३) उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

३) दफा (१४) को उपदफा (१) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धीत अधिकृतले मागेको विवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई नगरपालिकाले पाँच हजार रुपैयासम्म जनही जरिवाना गर्न सक्नेछ ।

४) दफा (९) बमोजिम नगरपालिकाको स्वीकृति नलिई समितिको उद्देश्यमा हेरफेर गरेमा वा अर्को समितिसित गाभेमा वा समितिले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा नगरपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समितिको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ ।

**१७. पुनरावेदन :**

दफा (१६) को उपदफा (४) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर पैतिस दिन भित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ ।

**१८. समितिको विघटन वा त्यस्को परिणाम :**

१) समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश समिति विघटन भएमा त्यस्तो समितिको सम्पूर्ण जायजेथा नगरपालिकामा सर्नेछ ।

२) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायजेथाले भ्याए सम्म त्यस्तो दायित्व नगरपालिकाले व्यहोर्ने छ ।

३) उपदफा (२) बमोजिम विघटन भएको समितिको दायित्व समितिको जायजेथाले नभ्याएमा नपुग दायित्व समितिका पदाधिकारीको जायजेथाबाट प्रचलित कानुन अनुरुप असुल उपर गरिनेछ ।

**१९. विनियम बनाउने अधिकारी :**

यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक विनियम बनाउन सक्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

२०. विघटन तथा संचालन :

समितिले आफ्नो विधान अनुसारको तोकिएको समयावधि भित्रमा नयाँ कार्यसमिति चयन हुन नसकेमा उक्त कार्यसमितिको स्वतः विघटन भएको मानी अर्को कार्यसमिति चयन् नभएसम्म नगरपालिकाले तोकेको तदर्थ समितिबाट समिति संचालन गर्नेछ ।

२१. खारेजी र बचाउ :

खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७९ लागु हुनु पुर्व जलश्रोत ऐन २०४९ अन्तर्गत दर्ता भएका समिति यसै कार्यविधि बमोजिम दर्ता भए सरह मानिनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

**अनुसुची - १**

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**निवेदन पत्रको ढाँचा**

श्रीमान् नगर प्रमुख ज्यू,

लहान नगरपालिका,लहान सिरहा

महोदय,

हामीले ...................... उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७९ दफा (५) को उपदफा (१) बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एकप्रति विधान र एक हजार रुपैयाँ दस्तुर सहित दरखास्त दिएका छौं ।

विवरण:

१. उपभोक्ता संस्थाको नाम :

२. कार्यक्षेत्र :

३. उद्देश्यहरु :

(क)

(ख)

(ग)

४. सदस्यहरुको नाम ठेगाना पेशा र ना.प्र.प.नं.

(क)

(ख)

(ग)

(घ)

(ङ)

५. उपयोग गरिने जलश्रोतको विवरण :

(क) जलश्रोतको नाम र रहेको ठाउँ

(ख) जलश्रोतबाट गरिने प्रयोग

(ग) उपभोक्ता संस्थाले उपोग गर्न चाहेको जलश्रोतको परिमाण

(घ) उक्त जलश्रोतको हाल भैरहेको उपयोग

६. उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरण :

(क) सेवाको किसिम

(ख) सेवा पुऱ्याउने क्षेत्र

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना

७. आर्थिक श्रोतको विवरण।

८. कार्यालयको ठेगाना

निवेदक

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त

दिनेको

सहि :

नाम :

पद :

ठेगाना :

**अनुसुची - २**

(दफा ५ को उपदफा ५ सँग सम्बन्धित)

**उपभोक्ता संस्था दर्ता प्रमाण -प्रत्र**

दर्ता नम्वर :

लहान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय लहान
सिरहा

मिति : ..........................

श्री (सम्वन्धिक उपभोक्ता संस्थाको नाम)

............................

..........................

खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७९ को दफा (५) को उपदफा (२) बमोजिम............साल..........महिना........गतेमा उस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ, खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्याविधि, २०७९ बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला ।

सहि :
नाम :
पद :

प्रमाणिकरण गर्नेको :
दस्तखत :
नाम :
दर्जा :
पृष्ठ संख्या :
मिति :
कार्यालयको छाप :



प्रमुख प्रशासकीय अधिकृत